# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्युठान
लुम्बिनी प्रदेश,नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## बहुउद्देश्यीय नर्सरी संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२८**

माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ देखि नै वार्षिक बजेट तथा कार्यक्रमको सुनिश्चितता गरी गाउँपलिकाकै गौरवको आयोजनाको रुपमा बहुउद्देश्यीय नर्सरी निर्माण गरी संचालनमा रहेको यहाँहरु सबैलाई अवगत नै छ । माण्डवी गाउँपालिका वडा नं. ३ स्याउलीघारीमा निर्माण सम्पन्न पश्चात कार्यन्वयनमा रहेको बहुउद्देश्यीय नर्सरीमा हजारौ कागति, किमुका बेर्नाहरु उत्पादन भईरहेका छन । गाउँपालिका आफैले हालसम्म संचालन गरिरहेको बहुउद्देश्यीय नर्सरीलाई गाउँपालिकाकै प्रत्यक्ष रेखदेख र अनुगमनमा रहने गरी कृषि सहकारी संस्था/सहकारी संस्था/कृषि समूह/टोल विकास संस्था/अन्य दर्ता भएका संस्था समेतले संचालनको जिम्मा लिने गरी हस्तान्तरण गर्नु पर्ने भएकोले गाउँ कार्यपालिका बैठकको मिति २०७८/०४/१८ को निर्णय अनुसार तपशिल बमोजिमको कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस गाउँपालिकामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्थाको नवीकरण गरिएको प्रतिलिपि,
३. संस्थाको कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,
४. संस्थाको लेखा परिक्षण प्रतिवेदन,
५. बहुउद्देश्यीय नर्सरी संचालन सम्बन्धि कार्ययोजना,
६. संस्थाको निर्णयको प्रतिलिपि तथा निर्णय सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**शर्तहरु:**

१. संस्थालाई बहुउद्देश्यीय नर्सरी संचालनको जिम्मा दिईनेछ ।
२. संस्थाले बहुउद्देश्यीय नर्सरीको मर्मत सम्भार र संरक्षण गर्नुपर्नेछ ।
३. विद्युत लगायतका महशुल संस्थाले तिर्नुपर्नेछ ।
४. बहुउद्देश्यीय नर्सरीमा उत्पादन भएको बिरुवाको मूल्य गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
५. गाउँपालिकाले बहुउद्देश्यीय नर्सरी राम्रो संग संचालन नभएको पाइएमा तुरुन्तै सम्झौता रद्द गर्नेछ ।
६. गाउँपालिकाले अनुगमनको क्रममा दिएका निर्देशन संस्थाले अनिवार्य पालना गर्नुपर्नेछ ।
७. अन्य कुराहरु आपसी समझदारीमा गरिनेछ ।

०७८/५/२८
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत